नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सुनसरी, इनरुवा

प्रमुख जिल्ला अधिकारी

निर्णय :-

१. सुर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन २०६८ को दफा ११ को उपदफा ३ बमोजिम शिक्षण तथा स्वास्थ्य संस्था, बाल कल्याण गृह, शिशु स्यहार केन्द्र, वृद्धाश्रम, अनाथालय र नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिएको सार्वजनिक स्थलवाट कम्तिमा एक सय मिटर भित्रको घर, पसलबाट् सीर्तजन्य पदार्थ विक्रि वितरण गर्न, गराउन नपाईने व्यवस्था रहेकोले सबै कार्यालयहरुले आफु र मातहतका कार्यालयहरुमा उक्त व्यवस्था अनिवार्य रुपमा परिपालना गने गराउर्ने र आ-आफ्नो तहवाट अनुगमन समेत गर्ने ।

२. सबै स्थानीय तहहरुलाई सार्वजनिक जग्गाको लगत तयार गरी यस कार्यालयमा पठाउन अनुरोध गरिएकोमा हाल सम्म पनि उक्त लगत प्राप्त हुन नआएकोले तयार गर्न बाँकी स्थानीय तहहरुले २०७६ चैत्र मसान्त भित्र लगत तयार गरी पठाउने । उक्त कार्यमा भुसिसुधार तथा मालपोत र नापी कार्यालयले आवश्यक सहयोग गर्ने ।

३. आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १, विराटनगको च.नं. १६७२ मिति २०७६/१२/०१ को पत्रवाट Covid-19 को रोकथाम, प्रतिरक्षा र उपचार व्यवस्थाको कार्ययोजना प्राप्त हुन आएकोले उक्त कार्ययोजना कार्यान्वयनका लागि देहाय बमोजिमको व्यवस्था मिलाउने ।

- नोभेल कोरोना भाईरस (Covid-19) को मूख्य लक्ष्यणहरु तथा यस वाट कसरी आफू र अरुलाई बचाउने भन्ने विषयमा आ-फ्नो तहवाट सचेतनामूलक कार्यक्रम गर्ने सबै स्वास्थ्य संस्थाहरुले आवश्यक औषधी लगाएतका सामाग्रीहरुको व्यवस्थापन गर्ने ।
- आ-आफ्न Ambulance Standby राख्ने । बैकल्पिक चालकको समेत व्यवस्था मिलाउने ।
- जिल्ला प्रवेश गर्ने र नेपाल-भारत सीमानाकामा रहेका मुख्य नाकाहरुमा आवश्यक उपकरण सहितको Help Desk संचालन गर्ने ।
- अति आवश्यक परेको अवस्थामा वाहेक स्वास्थ्यकर्मी विदामा नबस्ने ।
- आ-आफ्ना कार्यालयका कर्मचारी तथा सेवाग्राहीहरुलाई सजग रहन आग्रह गर्ने ।
- सबै स्थानीय तहहरुले कार्ययोजना तर्जुमा गरी तदनुरुप कार्य गर्ने ।
- जिल्ला अ्स्पतालले भौतिक पूर्वाधारको उपलब्धतानुसार Isolation Bed को व्यवस्था गर्ने ।
- आवश्यक वस्तुहरुको कृतिम अभाव श्रृजना हुन नदिने । नियमित बजार अनुगमन गरी कृतिम अभाव र कालो बजारी पूर्ण रुपमा नियन्त्रण गर्ने ।

४. जिल्ला बिपद् प्रतिकार्य योजना २०७७ तर्जुमाका लागि सबै स्थानीय तहहरुमा फारम पठाईएकोमा हाल सम्म १ (एक) वटा को मात्र प्राप्त भएको हुँदा बाँकी सबै स्थानीय तहहरुले २०७६ चैत्र १४ गते भित्र उक्त फारम बमोजिमको विवरण संकलन गरी नेपाल रेडक्रस सोसाईटि जिल्ला शाखा धरानमा अनिवार्य रुपमा उपलब्ध गराउने ।

५. सेवाग्राहीहरुको बढी भिडभाड हुने कार्यालय जस्तै मालपोत, नापी, हस्पिटल र यातायात व्यवस्था कार्यालय जस्ता कार्यालयहरुले सेवा प्रवाहलाई सरलिकृत गरी बढि भिडभाड नहुने व्यवस्था मिलाउने ।

६. स्थानीय तहहरुको विभिन्न स्थानमा लाग्ने साप्ताहिक हाट बजारमा मानिसहरुको ठुलो संख्यामा हुने उपस्थितिवाट संक्रमणको जोखीम बढ्न जाने हुँदा साप्ताहिक हाट बजारलाई स्थगन गर्ने/गराउने ।

प्रमुख जिल्ला अधिकारी